CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #७४

२० ।७ ।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरुले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## आर्थिक वर्ष २०७७/७८ मा एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालनका लागि छुट्याईएको शिर्षकगत बजेट

| | | | |
|---|---|---|---|
| परामर्श सेवा<br>रु. ६४,९०,००० | नियमित बैठक र समिक्षा<br>रु. २२,६०,००० | उपचार खर्च र सामाग्री खरिद<br>रु. ६४,०५,००० | अत्यावश्यक सेवा (खाना, कपडा, कुरुवा)<br>रु. १२,५०,००० |
| अतिरिक्त सुविधा<br>रु. १३,००,००० | यातायात खर्च<br>रु. १५,००,००० | रेफरल खर्च<br>रु. ९,१०,००० | उद्धार एवं पुनर्स्थापना<br>रु. ५०,३०,००० |
| कार्यालय खर्च (टेलिफोन, मोबाईल, रिचार्ज, स्टेशनरी)<br>रु. ७,००,००० | स्थापना खर्च (नयाँ OCMC)<br>रु. ५,००,००० | प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक<br>रु. ८,०५,००० | जम्मा<br>रु. २,९०,००,००० |

स्रोत: https://cutt.ly/8gFuwXA

## नेपाल अपडेट



नेपालबाट रोजगारी खोज्न भारत जानका लागि लामबद्ध बसेका नेपालीहरु

तस्विर: लोक बहादुर घर्तिमगर

### परिक्षण


पिसिआर परिक्षण: १५,०७,१९०

पोजेटिभ: १,८५,९७४

उपचाररत: ३६,५१४

मृत्यु : १०५२

सन्चो भएका : १,४८,४०८





Source: https://covid19.mohp.gov.np/#/

# हल्ला र तथ्य



कोरोना बीमाको दावी भुक्तानी ७ दिन भित्र गर्न सरकारले निर्देशन दिएको छ रे । यो सम्बन्धमा थप जानकारी केहि छ कि ?

अर्थ मन्त्रालयले बीमा समितिबाट जारी भएका कोरोना बीमालेख बमोजिमको दाबी गरेका बिमितहरुको बिमांक रकम एक हप्ताभित्र भुक्तानी गर्न निर्देशन दिएको छ । कोरोना बीमा दाबी गरेका बिमितहरुको पिसिआर परीक्षण प्रतिवेदन पोजेटिभ प्रमाणित भएपछि बीमालेख अनुसार दिनुपर्ने रकम सबै बिमितहरुलाई सम्बन्धित बीमा कम्पनीले एक हप्ताभित्र भुक्तानी दिन मन्त्रालयले निर्देशन दिएको हो । यस कार्यको समन्वय र अनुगमन बीमा समितिले गरी दावी भुक्तानीको दैनिक प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउन पनि भनिएको छ ।


स्रोत: https://mof.gov.np/uploads/news/file/Press%20Release%20Beema_20201103122953.pdf



त्रिभुवन विश्वविद्यालयको परीक्षा विद्यार्थीले पायक पर्ने ठाउँबाट नै दिन पाउने भनेको छ । यसको लागि विद्यार्थीले के गर्नुपर्छ ?

विद्यार्थीले पायक पर्ने ठाउँमा परीक्षा दिनको लागि परीक्षा नियन्त्रण कार्यालय, बल्खुको वेवसाईट www.tuexam.edu.np मा गएर फारम भर्नु पर्नेछ । त्यसको लागि दिएको निर्देशन बमोजिम ३०० देखी ४०० केबीसम्मको एम.आर.पि. फोटो, नागरिकताको फोटो र नागरिकता पाएको जिल्ला बाहेकको जिल्लाबाट परीक्षा दिने हो भने, आफु हाल बसोबास रहेको जिल्लाको स्थानीय तहको सिफारिसको फोटो पेश गर्नु पर्नेछ । त्यस पछी प्रवेश पत्रलाई प्रिन्ट वा स्क्रिन सट गरेर राख्नुपर्नेछ । परीक्षा नियन्त्रण कार्यालयले फारम भेरिफाई गरेपछी सेन्टर परिवर्तन भए/नभएको जानकारी आउनेछ ।

स्रोत: https://tuexam.edu.np/search-triplicate-details



वैदेशिक रोजगार बोर्डले कोरोनाका कारण विदेशमा मृत्यु भएका परिवारका सदस्यलाई सान्त्वना रकम दिँदैछ रे । त्यसका लागि के कस्ता कागजात चाहिने हो ?

वैदेशिक रोजगार बोर्डले कोरोनाका कारण विदेशमा मृत्यु भएका परिवारका सदस्यलाई सान्त्वना बापत रु. ५०,००० दिने भनेको छ । यसका लागि मृतकको श्रम स्वीकृति पत्रको प्रतिलिपि, राहदानीको प्रतिलिपि, मृतकको नागरिकताको प्रतिलिपि, हकवालाको नागरिकताको प्रतिलिपि, सम्बन्धित राजदुतावासबाट शवदाह गरेको व्यहोराको पत्र (NOC), स्थानीय निकायबाट हकवाला किटान गरिदिएको पत्र, शवदाह गर्न सहमति दिएको सिफारिस पत्र र "क" बर्गको बैंकमा हकवालाको नागरिकता प्रमाणपत्र नम्बर समेत खुलाई स्थानीय तह वा सम्बन्धित बैंकबाट प्रमाणित गरेको बैंक खाता नम्बरको प्रमाण संलग्न गरी वैदेशिक रोजगार बोर्डको सचिवालयको ईमेल info@fepb.gov.np मा आवेदन गर्नु पर्नेछ ।

स्रोत: http://fepb.gov.np/extra_upload/5f9fb50d2902e_santonarahat.pdf



वैदेशिक रोजगारीबाट नेपाल फर्किएका युवाको आर्थिक स्तर उकास्न पुनर्एकिकरण कार्यविधि आएको छ रे । यसमा के कस्ता कार्यक्रम छन् ?

कोभिड - १९ लगायतका कारण समस्यामा परी वैदेशिक रोजगारीबाट नेपाल फर्किएका कामदारहरुलाई सामाजिक एवं आर्थिक पुनर्एकिकरण गर्ने उद्देश्यले वैदेशिक रोजगार बोर्डले तयार पारेको पुनर्एकिकरण कार्यविधि (सञ्चालन र व्यवस्थापन), २०७७ को मस्यौदा छलफल एवं निर्णयार्थ बोर्डको बैठकमा पेश गरिएको छ । बोर्डको आगामी बैठकमा निर्णय भई मन्त्रालयबाट नीतिगत रुपमा सहमती प्राप्त भएपछि मात्र कार्यक्रम कार्यान्वयनमा आउनेछ ।

स्रोत: https://cutt.ly/igDsG5f

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा +2760806146 एड गर्नुहोस्
२. माथिको कन्ट्याक्ट नम्बरमा Nepal लेखेर म्यासेज पठाउनुहोस्




COVID-19 को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत


कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट ३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,४८,८४३ संक्रमित | १,२८,८४३ संक्रमित | ८२,६२४ संक्रमित | १,३३,३७० संक्रमित | १,३७,३१० संक्रमित | १,१६,८४७ संक्रमित | ३५,४२५ संक्रमित | २७,०५० संक्रमित |
| ५,१५० नेपाली संक्रमित | २,१०० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २६,५०० नेपाली संक्रमित | ३,३५० नेपाली संक्रमित | ३०० नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | २७ नेपाली संक्रमित |
| ८३ मृत्यु भएका नेपाली | १२ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १८ मृत्यु भएका नेपाली | ६९ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |




स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

## विदेशी कामदार आकर्षित गर्न साउदीमा उदार नीति



साउदी अरबले दक्ष कामदारलाई आकर्षित गर्न र आफ्नो देशको रोजगारीको क्षेत्र फराकिलो बनाउन आफ्नो नीतिलाई उदार बनाउने भएको छ । उसले आफ्नो २०३० सम्बन्धी विकासको सिद्धान्त अनुसार यो नीति लिएको जनाएको छ ।

### यो नियम लागू भएपछी श्रमिकलाई पुग्न सक्ने फाईदा:

- देशबाहिर जानको लागि Exit Visa लिनु पर्दैन । यो पहिल्यै देखी स्वीकृत भएको हुन्छ ।
- कम्पनी परिवर्तन गर्न पाईने छ, तर यसको लागि अन्य नियमहरु पालना गर्नु पर्ने छ ।
- यो सबै प्रकृयाहरुको लागि साउदी सरकारले मोवाईल एप्लिकेसन र वेवसाईडको प्रयोग गर्ने छ ।




www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**




## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००


क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च




accountabilitylab NEPAL



## घनश्याम भण्डारी

प्रमुख, दुल्लु नगरपालिका, दैलेख

"कोरोनाका कारण कर्णाली प्रदेशमै पहिलोपटक हाम्रै नगरपालिकामा एकज( नाको ज्यान गयो । त्योसँगै, नगरपालिकामा भारत तथा अन्य मुलुकहरूबाट एकैपटक ३५०० जना नागरिकहरू आउँदा व्यवस्थापनमा सकस पऱ्यो । अहिले अवस्था सहज भएको छ । नगरपालिकाले रिकभरी प्लान बनाएको छ । विदेशबाट आएका नागरिकहरूको ६०/६० जनाको समुह बनाएर ४ वटा वडामा विकास निर्माणको काम भइरहेको छ । १८० जना युवाहरुलाई काम गरेवापत उनिहरुकै खातामा पैसा जाने व्यवस्था मिलाइएको छ । हामीले नगरपालिबाट प्राप्त हुने हरेक अवसरहरूमा वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई उच्च प्राथमिकता दिइरहेका छौं । "

## तारा शाही खत्री

उप-प्रमुख, चामुण्डाविन्द्रासैनी नगरपालिका, दैलेख



"हामीले नगरपालिकाभित्र कोरोना भाइरसको त्राससँगै विदेशबाट भित्रिनुभएका युवाहरूको रोजगारीको लागि विभिन्न साझेदारी कोषमार्फत काम गर्नेगरी रकम विनियोजन गरेका छौं । साना तथा घरेलु उद्योगमार्फत ९० जनालाइ उद्यमी बनाउने भनेर पैसा आएको छ । त्यसमा पनि वैदेशिक रोजगारबाट फर्केकाहरूलाइ ध्यानमा राख्छौं । वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई अवसरको सृजना गर्न नीति तथा कार्यक्रम र बजेटमा पनि व्यवस्था गरेका छौं र विकास निर्माणका काममा उहाँहरूको प्रत्यक्ष संलग्नता गराई रोजगारीको सृजना गर्ने योजना बनाइरहेका छौं ।"



## मुक्ति अधिकारी


प्रमुख, पटखौली स्वास्थ्य चौकी, रुपन्देही

"स्वास्थ्यकर्मी भएकाले लकडाउन सुरु भएदेखि अहिले सम्म निरन्तर सेवामा खटिरहेको छु । सिमानाकाबाट लुकिछिपि भित्रिएर घरमा लुकेर बसेकाहरुको खोजि गर्ने र तथ्याङ्क संकलन गर्ने काम गर्दा डर र तनाव भयो । क्वारेन्ट( ाईनमा राखेकाहरूको स्वास्थ्य उपचार गर्ने र नियमित फिभर क्लिनिक सञ्चालन गरियो । स्वास्थ्यचौकीमा ७ जना कर्मचारी छन् । कोहिपनि संक्रमित हुनु परेको छैन । नियमित खोप कार्यक्रमलाई निरन्तरता दिएका छौं । मास्क नलगाइकन स्वास्थ्य चौकी आउने सेवाग्राहीलाई मास्क लगाउन, दुरी कायम गर्न सुझाव दिने गरेका छौं । सुरुसुरुमा स्वास्थ्यकर्मीहरु देखेर भाग्ने स्थानीयहरु अहिले आफ्ना समस्या लिएर आउने गरेका छन् । "

# दशैं पछी बागमती प्रदेशमा देखिएका कोभिड - १९ का नयाँ संक्रमित

सही सूचना

२०७७ असोज ३० गते देखी कार्तिक १९ गते सम्म बागमती प्रदेशमा देखिएको दैनिक संक्रमितको संख्या





माथिको ग्राफमा २०७७ असोज ३० गते देखी कार्तिक १९ गते सम्म बागमती प्रदेशमा देखिएका दैनिक संक्रमितको संख्यालाई देखाईएको छ । दशैंको समयमा जम्मा परीक्षणको संख्यम घटे पनि त्यसपछि भने बागमती प्रदेशमा दैनिक संक्रमण पुष्टि हुनेको संख्या दिनानुदिन बढिरहेको छ । यद्यपी नयाँ संक्रमित पुष्टि हुने दर दशैं भन्दा अगाडिको जती पुगेको छैन, तर पनि यो दर बढिरहेको छ । धेरै संक्रमितहरु होम आईसोसोलेशनमा बसिरहेकाले सरकारले उनिहरुको अवस्थाको बारेका अनुगमन गर्न सकेको छैन । यसले अब आउने दिनमा संक्रमण दर बढ्ने देखिएको छ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।



**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219